# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

## प्रेस विज्ञप्ति

मिति २०८३ भदौ १७

मिति २०८३ भदौ १० गते बुधबार बिहान रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, गोरखा, नुवाकोट र धादिङलगायतका जिल्लाहरुमा भएको अकल्पनीय जनधनको क्षतिप्रति विद्युत नियमन आयोग गहिरो दुःख व्यक्त गर्दछ। यस विपद्बाट प्रभावित परिवार, बेपत्ता तथा घाइते नागरिक र आफ्नो घरबास तथा जीविकोपार्जनको आधार गुमाउनुभएका सम्पूर्ण नागरिकहरुप्रति आयोग हार्दिक सहानुभूति तथा मृत्यु बरण गरेका नागरिक प्रति हार्दिक समवेदना व्यक्त गर्दछ।

भोटेकोशी तथा त्रिशूली नदी करिडोरमा आएको यस विपदबाट जनधनको क्षतिका अलावा सडक, पुल, बस्ती लगायत विभिन्न विद्युत उत्पादन आयोजना, प्रसारण प्रणाली तथा अन्य विद्युत पूर्वाधारमा समेत गम्भीर क्षति पुगेको सर्वविदितै छ। विद्युत क्षेत्रसम्बन्धी प्रारम्भिक विवरणहरूले सञ्चालनमा रहेका तथा निर्माणाधीन जलविद्युत् आयोजना र विद्युत् प्रणालीका महत्त्वपूर्ण संरचनाहरूमा उल्लेख्य क्षति पुगेको देखाएका छन् । जसका कारण प्रभावित क्षेत्रमा विद्युत् आपूर्तिको निरन्तरता, सम्बन्धित आयोजनाहरूको पुनःस्थापना तथा समग्र विद्युत् प्रणालीमा गम्भीर चुनौती उत्पन्न भएको छ।

यस विपद्को घडीमा मानवीय संकटलाई दृष्टिगत गर्दै विद्युत नियमन आयोगले माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री विराज भक्त श्रेष्ठज्यूमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १,००,००,०००।- (अक्षरेपी रुपैयाँ एक करोड मात्र) सहयोग स्वरूप चेक हस्तान्तरण गरिएको छ । उक्त रकम कोषमार्फत सञ्चालित उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा उपयोग हुने विश्वास आयोगले लिएको छ।

यस घटनाले विद्युत क्षेत्रको नियमनमा प्राकृतिक प्रकोपलाई कुनै एक आयोजना वा अनुमतिपत्रप्राप्त संस्थामा मात्र सीमित काबु बाहिरको परिस्थितिको विषयका रूपमा हेर्ने परम्परागत दृष्टिकोण पर्याप्त नरहेको तथ्य प्रस्ट्याएको छ। जलविद्युत् आयोजना, प्रसारण प्रणाली र विद्युत् व्यापार बीचको अन्तरसम्बन्ध क्रमशः बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा एउटा नदी बेसिनमा आएको ठूलो प्राकृतिक विपद्को प्रभाव सम्बन्धित एकल आयोजनामा मात्र सीमित नरही यसले विद्युत उत्पादन तथा आपूर्ति, प्रसारण प्रणालीको स्थायित्व र दिगोपना, विद्युत व्यापार, आयोजनाको वित्तीय दायित्व तथा सीमापार विद्युत प्रवाहमा समेत परोक्ष वा अप्रत्यक्ष अझै असर पुऱ्याउन सक्ने देखिन्छ।

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

# विद्युत् नियमन आयोग
(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

उपर्युक्त सन्दर्भलाई मध्यनजर गर्दै विद्युत् नियमन आयोग सदस्य रहेको दक्षिण एसियाली पूर्वाधार नियमन मञ्च (South Asian Forum for Infrastructure Regulation – SAFIR) को मिति २०८३ भदौ १४ र १५ गते भारतको हरियाणा, मानेसारमा बसेको कार्यसमिति तथा निर्देशक समितिको बैठकद्वारा "Disaster Resilient Electricity Regulation" सम्बन्धी प्राविधिक अध्ययन तथा अनुसन्धान गर्ने प्रयोजनका लागि एक अन्तर्राष्ट्रियस्तरको क्षेत्रीय प्राविधिक कार्यदल गठन भई सो कार्यदलको नेतृत्व विद्युत नियमन आयोगले गर्ने निर्णय भएको छ। उक्त कार्यदलमा भारत, भुटान, बंगलादेश तथा श्रीलंकाका नियामक निकायहरूको सक्रिय सहभागिता रहनेछ। यस अध्ययनले प्राकृतिक विपद्को अवस्थामा अपनाउनुपर्ने नियामकीय मापदण्ड, जोखिम बाँडफाँड संयन्त्र (risk-sharing mechanism) तथा विपद्को अवस्थामा समेत सीमापार विद्युत् व्यापारको निरन्तरता सुनिश्चित गर्ने कार्यविधि सहितको साझा क्षेत्रीय नियामकीय खाका (Regional Regulatory Framework) तयार गर्न सहयोग पुर्याउने विश्वास लिईएको छ।

यस विपद्को अवस्थामा प्रभावित क्षेत्रमा विद्युत् सेवाको सुरक्षा, निरन्तरता तथा यथाशीघ्र पुनर्स्थापनाका लागि सम्बन्धित विद्युत् उत्पादन, प्रसारण तथा वितरण संस्थासँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न आयोग प्रतिबद्ध रहेको छ। क्षतिग्रस्त विद्युत् संरचनाको प्राविधिक अवस्था, जोखिम तथा पुनःस्थापनाको प्रगतिबारे आवश्यक विवरण उपलब्ध गराउन सम्बन्धित संस्थाहरूलाई आयोग अनुरोध समेत गर्दछ। भोटेकोशी बाढीले दिएको पीडाबाट प्रभावित नागरिकको उद्धार र पुनर्स्थापनामा तत्काल सहयोग पुऱ्याउनु हाम्रो मानवीय दायित्व हो भने यस्ता विपदबाट भविष्यमा विद्युत जस्तो आधारभूत सेवालाई अझै सुरक्षित, सक्षम र प्रतिरोधी बनाउनु हाम्रो संस्थागत दायित्व समेत हो। विद्युत् नियमन आयोग आफ्नो यस दायित्वप्रति सदैव प्रतिबद्ध रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

.....................
(मन देवी श्रेष्ठ)
सचिव/प्रवक्ता

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२